बैठक संख्याः १८।२०८०
बैठक मितिः २०८०।०७।०२, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

प्रस्तावहरु :

१. प्रस्ताव नं. १ : कार्यालय परिसर निर्माण सम्बन्धमा ।
२. प्रस्ताव नं. २ : IEE गर्ने सम्बन्धमा ।
३. प्रस्ताव नं. ३ : विविध सम्बन्धमा।

निर्णयहरु :

निर्णय नं. १

रामधुनी नगरपालिका, वडा नं. ३ स्थित नगर कार्यपालिकाको कार्यालय रहेको स्थानको कम्पाउन्ड परिसर भित्र भुइँ सम्याउने, पुर्ने, टायल लगाउने, फाउनटेन, प्रतिक्षालय, फुल बगैचा गार्डेनिंग लगायतको निर्माण कार्य गर्नको लागि प्राविधिक लागत अनुमान तयार गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. २

रामधुनी नगरपालिका,वडा नं. ७ अन्तर्गत पर्ने सेउती खोलाबाट ढुँगा, गिट्टी, बालुवा उत्खनन तथा बिक्री वितरण गर्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन गर्नु पर्ने भएकोले सो कार्यको लागी चालु आ.व. २०८०।०८१ मा समपुरक कोष शिर्षकमा विनियोजित बजेट मध्येबाट रु.३,००,०००।- (तिन लाख) बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

थारु कल्याणकारिणी सभा रामधुनी नगर कार्य समितिको च.नं. ३ मिति २०८०।०६।०९ को पत्रबाट अनुरोध भई आए बमोजिम जितिया पर्वको लागि रु. ७७,९७०।-(सतहतर हजार नौ सय सतरी) चालु आ.व. २०८०।०८१ को आदिवासी जनजाती शिर्षकमा विनियोजित बजेट मध्येबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४

रामधुनी नगरपालिका वडा नं. ६ मा साविकमा श्रेणी विहिन का.स. पदमा कार्यरत कर्मचारी श्री सत्य नारायण ठाकुरको उमेर हदका कारण मिति २०८०।०५।१५ गते देखि लागु हुने गरी अनिवार्य अवकाश हुनु भएकोले मिति २०८०।०६।१६ गते देखि ऐ. वडा नं. ६ निवासी श्री टोलि राजधामीको छोरा श्री रामानन्द राजधामीलाई ३ (तिन) महिनाका लागि दैनिक ज्यालादारीमा सो हि वडामा का.स. पदमा कामकाजमा लगाउने निर्णय गरियो ।